"सबल प्रवासी: समृद्ध नेपाल, सुखी नेपाली"
"Empowered Diaspora: Prosperous Nepal, Happy Nepali"
प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटी
Overseas Nepali Forum, International Committee

मिति: मार्च २८, २०२६

# प्रेस विज्ञप्ती

**विषय: कार्की आयोग प्रतिवेदन कार्यान्वयनप्रति घोर खेद, नेताहरूको गिरफ्तारीप्रति निन्दा तथा रिहाइको जोडदार माग**

प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटीले नेपाल सरकारले कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने गरी गरेको निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै यसप्रति घोर खेद व्यक्त गर्दछ। साथै, पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको गिरफ्तारीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ र यो गिरफ्तारीप्रति घोर निन्दा गर्दछौं। विभिन्न महादेश, देश तथा क्षेत्रमा रहेर स्वदेशको राजनीतिक, सामाजिक र प्रशासनिक घटनाक्रममा सचेत रहँदै आएको हाम्रो मञ्चले यो निर्णयलाई अत्यन्त दुर्भाग्यपूर्ण, असंवैधानिक र प्रवासी नेपालीको भावनाविरुद्धको कदमको रूपमा हेरेको छ। कार्की आयोगको प्रतिवेदन एकपक्षीय, तथ्यहीन, पूर्वाग्रही र प्रतिशोधको राजनीतिबाट प्रेरित भएको हुँदा यसको कार्यान्वयन कुनै पनि हालतमा स्वीकार्य छैन।

हाम्रा मागहरू:

- कार्की आयोगको प्रतिवेदन कार्यान्वयनसम्बन्धी निर्णय तत्काल पुनरावलोकन गर्ने।
- पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई अविलम्ब रिहा गर्ने।
- सरकार पूर्वाग्रह र प्रतिशोधको राजनीतिबाट टाढा रहने।
- लोकतन्त्र, विधिको शासन र राष्ट्रिय एकताको संरक्षण गर्ने।

पूर्वाग्रह र प्रतिशोधको राजनीति धेरै महँगो हुन्छ। सरकारलाई जिम्मेवार बन्न हाम्रो गम्भीर आग्रह छ। हालैका घटनाक्रमले स्वच्छ राजनीति र लोकतन्त्रको मर्ममाथि गम्भीर प्रहार भएको स्पष्ट संकेत गर्दछ।
हामी सरकारलाई यो गलत निर्णय पुनरावलोकन गर्न, पूर्वाग्रह र प्रतिशोधको राजनीतिबाट माथि उठ्न, तथा राष्ट्रिय एकता, सद्भाव र लोकतन्त्रको रक्षालाई केन्द्रमा राख्दै आवश्यक कदम चाल्न पुनः आग्रह गर्दछौं। अन्यथा, उत्पन्न हुने सम्पूर्ण जिम्मेवारी सरकारको हुनेछ।

अध्यक्ष
रमेश पाण्डे
प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटि

सचिव
चानक पोखरेल
प्रवासी नेपाली मञ्च अन्तर्राष्ट्रिय कमिटि

**Tel.:** 001 917 703 3195/ 0034 697 45 82 88
**e-mail:** sthapaktm@hotmail.com/hemsherpa@hotmail.com